# मार्मा गाउँपालिकाको

# आ.ब २०८३/०८४ को नीति तथा कार्यक्रम

# २०८३


जमन सिंह धामी
अध्यक्ष
मार्मा गाउँपालिका लटिनाथ, दार्चुला
सुदूरपश्चिम प्रदेश
नेपाल

# नीति तथा कार्यक्रम २०८३/०८४

मार्मा गाउँपालिकाको उन्नाइसौँ गाउँसभाको नीति तथा कार्यक्रम सार्वजनिकीकरण कार्यक्रममा उपस्थित हुनुहुने मार्मा गाउँपालिकाका उपाध्यक्षज्यू, गाउँपालिकाका ६ वटै वडाका वडा अध्यक्षज्यूहरू, गाउँ कार्यपालिका सदस्यज्यूहरू, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सुरक्षा निकायका प्रमुखज्यूहरू, राजनीतिक दलका प्रतिनिधिज्यूहरू, पूर्व जनप्रतिनिधिज्यूहरू, विभिन्न सरकारी तथा गैरसरकारी संघ–संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरू, सञ्चारकर्मी मित्रहरू, राष्ट्रसेवक कर्मचारीहरू तथा सम्पूर्ण मार्माबासी आदरणीय आमा–बुवा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक अभिवादन व्यक्त गर्दछु,

यस ऐतिहासिक अवसरमा नेपालको लोकतान्त्रिक आन्दोलन, जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन तथा भदौ २३ र २४ को नवपुस्ताहरू (GEN-Z) लगायत विभिन्न राजनीतिक तथा सामाजिक परिवर्तनका आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात अमर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, विभिन्न आन्दोलनका क्रममा घाइते तथा बेपत्ता हुनुभएका नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु। राष्ट्र निर्माण, लोकतान्त्रिक प्रणालीको संस्थागत विकास तथा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनामा योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रज नेतृत्वप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

नेपालको संविधानले स्थानीय सरकारलाई नागरिकको सबैभन्दा नजिकको सरकारका रूपमा स्थापित गर्दै स्थानीय आवश्यकताअनुसार विकास, सुशासन, सेवा प्रवाह तथा समृद्धिको नेतृत्व गर्ने महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। संविधानले प्रत्याभूत गरेका अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्दै पारदर्शी, जवाफदेही, सहभागितामूलक र परिणाममुखी स्थानीय शासन प्रणालीमार्फत समृद्ध, सक्षम र आत्मनिर्भर मार्मा निर्माण गर्ने हाम्रो साझा प्रतिबद्धता रहेको छ।

हामीले विगतका वर्षहरूमा शिक्षा, स्वास्थ्य, खानेपानी, सडक पूर्वाधार, कृषि, पर्यटन, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा, सुशासन तथा संस्थागत विकासका क्षेत्रमा महत्वपूर्ण उपलब्धिहरू हासिल गरेका छौँ। प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै बाँकी विकासका आवश्यकता पूरा गर्ने, निर्माणाधीन योजनाहरू सम्पन्न गर्ने तथा गुणस्तरीय सार्वजनिक सेवा सुनिश्चित गर्ने दिशामा आगामी नीति तथा कार्यक्रम केन्द्रित रहनेछ।

विश्वव्यापी रूपमा जलवायु परिवर्तन, प्राकृतिक विपद्, आर्थिक चुनौती तथा रोजगारीका बदलिँदा आयामहरूले स्थानीय सरकारसमक्ष नयाँ अवसर र चुनौती दुवै प्रस्तुत गरेका छन्। यी चुनौतीहरूको सामना गर्दै स्थानीय उत्पादन, उद्यमशीलता, कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन, डिजिटल प्रविधिको प्रयोग, वातावरण संरक्षण, लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा दिगो विकासका लक्ष्य प्राप्तिमा केन्द्रित नीति तथा कार्यक्रम अघि बढाइनेछ।

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम उपलब्ध स्रोत–साधनको अधिकतम उपयोग, वित्तीय अनुशासन, सुशासन, परिणाममुखी विकास, जनसहभागिता तथा अन्तरसरकारी समन्वयलाई प्राथमिकतामा राखी तयार गरिएको छ। यस नीति तथा कार्यक्रमले स्थानीय आवश्यकतालाई सम्बोधन गर्नुका साथै दीर्घकालीन समृद्धिको आधार निर्माण गर्ने विश्वास लिएको छु।

CamScanner

**"समृद्ध मार्मा, सुखी मार्माली"** भन्ने हाम्रो साझा संकल्पलाई व्यवहारमा रूपान्तरण गर्दै उत्पादन, रोजगारी, पूर्वाधार, गुणस्तरीय सेवा प्रवाह, सामाजिक न्याय, वातावरणीय सन्तुलन र सुशासनलाई केन्द्रमा राखी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्माननीय गाउँसभासमक्ष उपस्थित भएको छु।

**उपस्थित सदस्यहरु,**
मार्मा गाउँपालिकाको सत्रौ गाउँसभामा यस गाउँपालिकाको **"जलस्रोत, जडीबुटी एवंम् पर्यटन पूर्वाधारको विकास, समग्र मार्मा गाउँपालिकाको समृद्धि र विकासमा हाम्रो प्रयास"** सहितको दीर्घकालीन सोचमा आधारित नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## विद्धमान परिवेश:

आज विश्व अर्थतन्त्र विभिन्न चुनौतीहरूको सामना गरिरहेको छ। विश्वव्यापी द्वन्द्व, भू-राजनीतिक अस्थिरता, जलवायु परिवर्तनका असर, आपूर्ति शृंखलामा देखिएका अवरोध तथा विकास साझेदारहरूको सहयोगमा आएको संकुचनले विकासोन्मुख मुलुकहरूमा आर्थिक दबाब सिर्जना गरेको छ। यसको प्रभाव नेपालमा पनि परेको छ। सीमित आन्तरिक राजस्व संकलन, वित्तीय स्रोतको सिमितता तथा बढ्दो विकासको आकाक्षा र अन्तरसरकारी वित्तीय हस्तान्तरणमा आएको अनिश्चितताले स्थानीय तहहरूको विकास निर्माण तथा सेवा प्रवाहमा अपेक्षित गति कायम गर्न झनै चुनौती थपिएको छ।

संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि तीनै तहका सरकारबीचको सहकार्य, समन्वय र सहअस्तित्वलाई अझ सुदृढ बनाउनु आजको आवश्यकता हो। संविधानले स्थानीय तहलाई प्रदान गरेका अधिकार, जिम्मेवारी र स्रोतबीच सन्तुलन कायम गर्दै वित्तीय संघीयतालाई समेत थप प्रभावकारी बनाउनु समयको माग हो। यस दिशामा संघ, प्रदेश र स्थानीय सरकारबीच अझ सशक्त साझेदारी आवश्यक छ भन्ने हाम्रो विश्वास रहेको छ।

अर्कोतर्फ, पर्याप्त रोजगारीका अवसरहरूको अभाव, निरन्तर वैदेशिक रोजगारीतर्फको आकर्षण तथा बढ्दो बसाइँसराइका कारण ग्रामीण बस्तीहरूमा जनशक्तिको कमी हुँदै गएको छ। कृषि योग्य जमिन बाँझिने, उत्पादनशील जनशक्ति गाउँबाट विस्थापित हुने तथा स्थानीय अर्थतन्त्र कमजोर बन्दै जाने प्रवृत्तिले दीर्घकालीन चुनौती सिर्जना गरेको छ। यी चुनौतीहरूको समाधानका लागि स्थानीय उत्पादन, उद्यमशीलता, कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन, सीप विकास, स्वरोजगार तथा आधारभूत पूर्वाधार विस्तारलाई प्राथमिकतामा राख्दै नागरिकलाई आफ्नै ठाउँमा सम्मानजनक जीवनयापन गर्ने वातावरण निर्माण गर्नु आजको प्रमुख दायित्व हो।

यसैगरी, पछिल्ला वर्षहरूमा विशेषतः युवापुस्तामा राज्यका संस्थाहरू, राजनीतिक नेतृत्व तथा सार्वजनिक सेवा प्रणालीप्रति विकास, सुशासन, पारदर्शिता, जवाफदेहिता र रोजगारी सिर्जनाका क्षेत्रमा उच्च अपेक्षा अभिवृद्धि हुँदै गएको छ। नागरिकको विश्वासलाई थप सुदृढ बनाउन सुशासन, पारदर्शिता, वित्तीय अनुशासन, जवाफदेहिता तथा गुणस्तरीय सेवा प्रवाहलाई गाउँपालिकाको हाम्रो कार्यशैलीको मूल आधार बनाइनेछ। जनप्रतिनिधि र कर्मचारी संयन्त्रबीचको प्रभावकारी सहकार्य, नागरिक सहभागिता तथा विकास साझेदारहरूसँगको समन्वयमार्फत समृद्ध, आत्मनिर्भर, समावेशी र सुशासित मार्मा निर्माण गर्ने हाम्रो दृढ संकल्प रहेको छ।

हामी चुनौतीहरूलाई केवल समस्याका रूपमा होइन, अवसरका रूपमा समेत ग्रहण गर्दै स्थानीय स्रोत, साधन, सीप र सम्भावनाको अधिकतम उपयोग गरी दिगो विकास, सामाजिक न्याय, आर्थिक समृद्धि र सुशासनको मार्गमा मार्मा गाउँपालिकालाई अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दछौं।

CamScanner

## विकास र समृद्धिको लक्ष प्राप्तिका चुनौती :

- सीमित आन्तरिक आय, वित्तीय हस्तान्तरणको अनिश्चितता र बढ्दो विकास आवश्यकताबीच उपलब्ध स्रोत–साधनको प्रभावकारी परिचालन गरी दिगो तथा परिणाममुखी विकास सुनिश्चित गर्नु प्रमुख चुनौती रहेको छ।
- दुर्गम भौगोलिक अवस्था, विपद् जोखिम, जलवायु परिवर्तनका असर तथा पूर्वाधार विकासको उच्च लागतका कारण सेवा प्रवाह र विकास आयोजनाको समयमै कार्यान्वयन चुनौतीपूर्ण छ।
- रोजगारी तथा आयआर्जनका पर्याप्त अवसरहरूको अभावका कारण युवाशक्ति वैदेशिक रोजगारीतर्फ आकर्षित हुनु, बसाइँसराइ बढ्दै जानु तथा कृषि योग्य जमिन बाँझिने प्रवृत्तिलाई न्यूनीकरण गर्दै स्थानीय उत्पादन र उद्यमशीलताको विकास गर्नु चुनौतीपूर्ण रहेको छ।
- कृषि, पर्यटन, वन, जलस्रोत, जडीबुटी तथा अन्य स्थानीय स्रोत–साधनहरूको व्यवसायिक र दिगो उपयोगमार्फत स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउनु चुनौतीपूर्ण रहेको छ।
- शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, सूचना प्रविधि लगायत आधारभूत सेवा तथा पूर्वाधारप्रति नागरिकका बढ्दो अपेक्षालाई सीमित वित्तीय स्रोत–साधनका बीच सम्बोधन गर्दै सहज, गुणस्तरीय र समावेशी पहुँच सुनिश्चित गर्नु महत्वपूर्ण चुनौतीका रूपमा रहेको छ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु:

### आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका आधारहरू

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको संघीय शासन प्रणालीअनुसार स्थानीय तहको अधिकार, जिम्मेवारी, सेवा प्रवाह तथा विकास निर्माण सम्बन्धी नीतिगत तथा संस्थागत व्यवस्थालाई आधार मानी नीति तथा कार्यक्रम तयार गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आवधिक योजना, वार्षिक योजना तथा रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्न प्रदान गरेको अधिकार तथा प्रक्रियागत व्यवस्थालाई आत्मसात् गर्दै नीति तथा कार्यक्रम निर्माण गरिएको छ।

नेपाल सरकारको सोह्रौँ आवधिक योजना, दिगो विकास लक्ष्य २०३० को राष्ट्रिय मार्गचित्र तथा सुदूरपश्चिम प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनामा उल्लेख गरिएका लक्ष्य, रणनीति र प्राथमिकताहरूसँग तादात्म्य कायम हुने गरी नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

संघीय सरकार तथा प्रदेश सरकारद्वारा निर्धारित नीति, कार्यक्रम, रणनीति तथा प्राथमिकताहरूसँग समन्वय र सहकार्य कायम हुने गरी स्थानीय आवश्यकताअनुसार नीति तथा कार्यक्रम तयार गरिएको छ साथै बिभिन्न दातृ निकायका कार्यक्रमहरू संचालन गर्न गरिएका प्रतिवद्धताहरूलाई समेत यस नीति तथा कार्यक्रम तर्जुमाको आधार बनाईएको छ।

गाउँपालिकाले यसअघि कार्यान्वयनमा ल्याएका नीतिगत व्यवस्था, निर्णय तथा कार्यविधिहरूको निरन्तरता, परिमार्जन तथा सुदृढीकरणलाई आधार मानी नीति तथा कार्यक्रमलाई व्यवहारिक र परिणाममुखी बनाइएको छ

CamScanner

## विकास र समृद्धिको लक्ष प्राप्तिका लागि अवसर:

नेपालको संविधानले संघीय लोकतान्त्रिक शासन प्रणालीअन्तर्गत स्थानीय तहलाई प्रदान गरेका २२ वटा एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहबीचका साझा अधिकारहरूले स्थानीय सरकारलाई विकास, सेवा प्रवाह, सुशासन तथा स्थानीय आवश्यकतामा आधारित योजना तर्जुमा र कार्यान्वयनका लागि सुदृढ संवैधानिक आधार उपलब्ध गराएको छ। यस संवैधानिक व्यवस्थाले स्थानीय तहलाई नागरिकको नजिकको सरकारका रूपमा उत्तरदायी, परिणाममुखी र जनमुखी ढंगले कार्यसम्पादन गर्ने महत्वपूर्ण अवसर प्रदान गरेको छ।

संविधान तथा प्रचलित कानुनबमोजिम स्थानीय सरकारले आफ्ना विशिष्ट आवश्यकता, प्राथमिकता र स्थानीय सन्दर्भका आधारमा ऐन, नियम, कार्यविधि, नीति तथा मापदण्ड निर्माण गरी स्थानीय शासन प्रणालीलाई संस्थागत, पारदर्शी, उत्तरदायी र जनमैत्री बनाउने अवसर प्राप्त गरेको छ। यसले सुशासन, सेवा प्रवाहको गुणस्तर, संस्थागत क्षमता विकास तथा नागरिक विश्वास अभिवृद्धिका लागि महत्वपूर्ण आधार तयार गरेको छ।

स्थानीय सरकारले वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने अधिकार प्राप्त गरेको सन्दर्भमा उपलब्ध स्रोत–साधन, स्थानीय सम्भावना र जनसहभागितालाई प्रभावकारी रूपमा परिचालन गरी योजनाबद्ध, दिगो, समावेशी र परिणाममुखी विकास अघि बढाउने अवसर उपलब्ध भएको छ।

मार्मा गाउँपालिका प्राकृतिक, भौगोलिक, जैविक तथा सांस्कृतिक विविधताले सम्पन्न क्षेत्र भएकाले कृषि, पर्यटन, जलस्रोत, जडीबुटी, वन सम्पदा तथा स्थानीय संस्कृतिको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमार्फत स्थानीय अर्थतन्त्र सुदृढीकरण, रोजगारी सिर्जना, आयआर्जन वृद्धि तथा समृद्धिको आधार निर्माण गर्ने प्रशस्त सम्भावना रहेको छ।

पछिल्ला वर्षहरूमा पालिकाका अधिकांश वडा तथा बस्तीहरूमा सडक सञ्जाल, यातायात सेवा, सञ्चार तथा सूचना प्रविधिको पहुँच विस्तार हुँदै गएको छ। यसले नागरिकको आवागमन, बजार पहुँच, सेवा उपयोग, सूचना आदान–प्रदान तथा सामाजिक–आर्थिक गतिविधिलाई सहज बनाउँदै जीवनस्तर सुधार र गुणस्तरीय सेवा प्रवाहका लागि महत्वपूर्ण अवसर सिर्जना गरेको छ।

यातायात पूर्वाधारको विस्तारसँगै स्थानीय कृषिजन्य उत्पादन, पशुपन्छीजन्य वस्तु, जडीबुटी तथा अन्य स्थानीय उत्पादनहरूलाई बजारसम्म सहज, सुरक्षित र व्यवस्थित रूपमा पुऱ्याउन सकिने अवस्था निर्माण भएको छ। यसले स्थानीय उत्पादनको मूल्य अभिवृद्धि, उद्यमशीलता विकास, रोजगारी सिर्जना तथा ग्रामीण अर्थतन्त्रको सुदृढीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने अवसर प्रदान गरेको छ।

पालिकाभित्र उपलब्ध जलस्रोत, वन, खानीजन्य पदार्थ, कृषि योग्य भूमि, जैविक विविधता, पर्यटन सम्पदा तथा अन्य स्थानीय स्रोत–साधनहरूको संरक्षण, संवर्द्धन र दिगो उपयोगमार्फत आर्थिक विकास, उत्पादन वृद्धि, रोजगारी सिर्जना, लगानी प्रवर्द्धन तथा समावेशी समृद्धि हासिल गर्ने पर्याप्त सम्भावनाहरू रहेका छन्। यी अवसरहरूको योजनाबद्ध र प्रभावकारी उपयोगमार्फत "समृद्ध मार्मा, सुखी मार्माली" को दीर्घकालीन लक्ष्य प्राप्तिका लागि सुदृढ आधार निर्माण गर्न सकिनेछ।

साथै गाउँपालिकाको विद्यमान विकास गुरुयोजना, दीर्घकालीन सोच तथा रणनीतिक योजनाहरूलाई मार्गदर्शनका रूपमा लिँदै दीगो, समावेशी र सन्तुलित विकास सुनिश्चित हुने गरी नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

## चालु आ.व.को हाल सम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त बिवरण:

### १. सडक यातायात तथा पूर्वाधार विकास

- पारिबगड–घोल्जर–परमचुला, लामबगर-मटेला ,घट्टेगाड-ओडिखेत,भैशे -सिरोली - पत्थरकाँडा,लटिनाथ -सार्सी-बजानी,तपोवन-मुरै-निम्ठा लगायतका मुख्य सडकहरूको ट्र्याक खोल्ने तथा स्तरोन्नति गर्ने कार्य निरन्तर चलिरहेको।
- बिटुले–पारिबगड खण्डमा ४ कि.मी. कालोपत्रे र लटिनाथ बजारसम्म ५ कि.मी. सडक स्तरोन्नति कार्य संघ - प्रदेश संगको सहकार्यमा सफलतापूर्वक सम्पन्न भएको।
- सबै बस्तीहरू जोड्ने पदमार्ग छोटो र सहज बनाउन विभिन्न ठाउँहरूमा सोलिङ तथा पि.सी.सी. बाटो निर्माण जारी रहेको।

### २. मोटरेबल पुल निर्माण र सञ्चालन

- संघीय सरकारसँगको समन्वयमा वडा नं. २ सिमार र वडा नं. ४ जोड्ने **परपडा मोटरेबल पुल** निर्माण सम्पन्न भई सञ्चालनमा आएको।
- संघीय सरकारसँगको समन्वयमा संचालित वडा नं. ३ भैसे र वडा नं. ६ जोड्ने **शेरी मोटरेबल पुल** आ.व. ०८३/०८४ भित्र सम्पन्न गर्ने गरी कार्य तीव्रताका साथ अघि बढेको।

### ३. जलवायु परिवर्तन अनुकूलन तथा विपद व्यवस्थापन

- संघीय सरकार, फिनल्याण्ड सरकार र युरोपियन युनियनको साझेदारीमा संचालित **जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACC Project)** संचालनमा ल्याई बहुउपयोगी, खानेपानी ,सरसफाइ, सिचाइ, वातावरण संरक्षण ,जोखिम न्युनिकरण, नवीकरणीय उर्जा तथा जीबिकोपार्जन क्षेत्रमा उल्लेख्य कार्य निरन्तर भईरहेको ।

### ४. स्वास्थ्य सेवामा विस्तार र पहुँच वृद्धि

- १० शय्याको मार्मा अस्पतालको भवन निर्माण कार्य सम्पन्न भई हाल डाक्टरसहितको स्वास्थ्य सेवा नियमित रूपमा सञ्चालन गरिएको।
- अस्पताल मार्फत प्रयोगशाला (ल्याब), एक्स-रे, अल्ट्रासाउण्ड र डेन्टल सेवालाई प्रभावकारी बनाइनुका साथै दुर्गम बस्तीहरूमा घुम्ती शिविर मार्फत सेवा उपलब्ध गराइएको।
- वडा नं. ६ को निम्ठामा सुविधासम्पन्न स्वास्थ्य चौकी भवनबाट नियमित सेवा सञ्चालन भइरहेको तथा वडा नं. ५ को मुरैस्थित सितोला स्वास्थ्य चौकीको भवन निर्माण कार्य सम्पन्न भइसकेको।

### ५. कृषि तथा पशुपालनमा आधुनिकीकरण

- किसानहरूलाई आधुनिक प्रविधिसँग जोड्न आधुनिक यान्त्रिकीकरण अन्तर्गत हाते ट्याक्टर (मिनी टेलर) वितरण गरिएको।
- स्थानीय स्तरमा खाद्यान्न उत्पादन बढाउन आलु र अन्य विभिन्न तरकारी जन्य बीउबिजनहरूमा अनुदान उपलब्ध गराइएको साथै रैथाने बाली संरक्षणमा विभिन्न दातृ निकायका परियोजनाहरूसंग सहकार्य भईरहेको।
- पशुशाखा मार्फत मागमा आधारित कृषि समूहलाई उन्नत जातका पशुहरु खरिद गरी हस्तान्तरण गरिएको र बाख्रा खोर सुधार कार्यक्रम चलाइएको।

CamScanner

६. सिचाइ सुविधा विस्तार र खाद्य सुरक्षा

- संघ, प्रदेश र पालिकाको समन्वय तथा दातृ निकायका परियोजना मार्फत कृषियोग्य जमिनहरूमा पक्की सिचाइ नहर, पाईप तथा साना सिचाइ तथा कुलो निर्माण कार्यलाई निरन्तर रहेको।

७. पूर्ण विद्युतिकरण (उज्यालो मार्मा अभियान)

- उज्यालो मार्मा अभियान अन्तर्गत नेपाल विद्युत प्राधिकरणसँग प्रभावकारी समन्वय र सहकार्य अगाडि बढाइएको छ। यस अभियानमार्फत गाउँपालिकाका वडा नं. १ देखि ६ सम्मका दुर्गम तथा सुगम क्षेत्रका करिब ९० प्रतिशत घरधुरीमा विद्युतीकरण कार्य सम्पन्न भइसकेको छ। बाँकी रहेका घरधुरीहरूमा पनि छिट्टै केन्द्रीय प्रसारण लाइन विस्तार गर्ने गरी आवश्यक प्राविधिक तयारी भइरहेको छ, जसले सम्पूर्ण घरधुरीलाई दिगो र भरपर्दो ऊर्जा पहुँच सुनिश्चित गर्ने लक्ष्यलाई व्यवहारिक रूप दिन सहयोग पुऱ्याउनेछ।

८. स्थानीय उद्यम, रोजगारी र शैक्षिक सुधार

- चिउरी प्रशोधन केन्द्रमार्फत साबुन उत्पादन र बिक्री वितरण व्यवसायलाई निरन्तरता दिई स्थानीय स्तरमै रोजगारी सिर्जना गरिएको। आगामी दिनमा लक परियोजनासंगको साझेदारीमा चिउरीजन्य प्रवर्द्धनलाई अझै प्रभावकारी बनाउन नीतिगत तथा प्राविधिक कार्यहरू भईरहेको।
- स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्न विद्यालयहरूलाई भान्से व्यवस्थापनका लागि अनुदान दिने व्यवस्था गरिएको। साथै दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादनहरूलाई प्रवद्धन गर्ने साथै उत्पादन बृद्धीका कार्यक्रमहरू समन्वयात्मक ढंगले अगाडी बढाईएको।
- गैरसरकारी संस्था (IDS) र लक परियोजना सँगको सहकार्यमा ४ वटा विद्यालयहरूमा भान्छाघर निर्माण कार्य सम्पन्न गरि संचालनमा ल्याईएको त्यसै गरि राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ३ ओटा मा.बि हरुमा ४ कोठे भवन र १ ओटा मा.बि मा २ कोठे भवन निर्माण कार्य निरन्तर चलिरहेको। साथै आवश्यकता अनुसार आगामी दिनमा समेत सो कार्यक्रमलाई निरन्तरता दिईने।

९. विपद् व्यवस्थापन तथा वन संरक्षण

- २०८१ जेठमा मर्मति र गन्याड बस्तीमा आएको विपद्को प्राविधिक मूल्याङ्कन गरी प्रभावित किसानलाई अन्नबालीको क्षतिपूर्ति वितरण गरिएको।
- लक परियोजनाको साझेदारीमा वडा न १ को नौखाड क्षेत्रमा आएको पहिरो व्यवस्थापनको लागि बायो इन्जिनियरिंग को कार्य निरन्तर चलिरहेको ।
- संघीय सरकारको समन्वयमा विपद् प्रभावित क्षेत्रका बासिन्दाहरूको सुरक्षित बसोबासका लागि पुनर्निर्माणका कार्यहरू अगाडि बढाइएको।
- २४ वटा सामुदायिक वन समूहको अभिलेख अद्यावधिक गरी **वैज्ञानिक वन व्यवस्थापन प्रणाली** लागू तथा डढेलो नियन्त्रणमा योगदान पुऱ्याइएको।

१०. खेलकुद प्रवर्द्धन र युवा सहभागिता

- गाउँपालिकामा युवाहरू र खेलप्रेमी नागरिकहरूका लागि व्यवस्थित खेलमैदानहरू निर्माण कार्य सम्पन्न गरिएको।
- निर्मित खेलमैदानहरूमा चालु आर्थिक वर्षमा मार्मा प्रिमियर क्रिकेट लिग (MPCL), गाउँपालिका स्तरीय भलिबल प्रतियोगिता तथा गाउँपालिका स्तरीय रनिङ शिल्ड प्रतियोगिता भव्य रूपमा सम्पन्न गरिएको।

CamScanner

- खेलकुद गतिविधिहरू मार्फत स्थानीय युवाहरूको शारीरिक तथा मानसिक विकासका साथै खेल क्षेत्रमा उनीहरूको रुचि, प्रतिभा प्रवर्द्धन र सहभागिता बढेको।

**११. संञ्चार पहुँच विस्तार**

- गाउँपालिकाका वडा कार्यालयहरू, स्वास्थ्य संस्था, विद्यालयहरू तथा पालिकाका ताकु, गुल्जर, पारिबन, मौरे, छिपान बस्तीहरूमा फाईबर प्रबिधीको ईन्टरनेट सेवा विस्तार कार्य गरिएको।

**१२. भू-उपयोग र योजनाबद्ध विकास**

- गाउँपालिकाभित्रका निजी तथा सार्वजनिक जग्गाको व्यवस्थित नियमनका लागि भू-उपयोग क्षेत्र वर्गीकरण प्रतिवेदन तयार पारिएको। प्रतिवेदन बमोजिम जग्गालाई स्पष्ट **१० वटा वर्गमा विभाजन** गरी अभिलेख अद्यावधिक गर्ने कार्य सफलतापूर्वक सम्पन्न भएको।
- लक परियोजना मार्फत जलाधार क्षेत्र विकास र व्यवस्थापनका लागि कार्य भईरहेको।
- गाउँपालिकाको दीर्घकालीन र चरणबद्ध विकासका लागि आवधिक योजनाका साथै मध्यकालीन खर्च संरचना तर्जुमा गरिएको।

**१३. न्यायिक समिति र आर्थिक पारदर्शिता**

- न्यायिक समिति मार्फत न्याय सम्पादन सुदृढ गर्न क्षमता अभिवृद्धि तालिम र वडा मेलमिलाप कर्ताहरूका लागि तालिम सञ्चालन गरिएको ।
- सुशासनका लागि आवश्यक ऐन, नियमावली र कार्यविधिहरू तयार गरी कार्यान्वयनमा ल्याइएको तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ नियमित गरिएको।
- वित्तीय अनुशासन कायम राख्दै आन्तरिक र अन्तिम लेखापरीक्षण मार्फत **'शून्य बेरुजु'** र **'भ्रष्टाचारमा शून्य सहनशीलता'** नीति लागू गरिएको।

## उपस्थित सदस्य ज्यूहरु

अब म आर्थिक बर्ष २०८२/०८३ मा अवलम्वन गरिने प्रमुख नीतिहरु प्रस्तुत गर्न गई रहेको छु ।

## आगामी आ.व. २०८३/०८४ को प्रमुख क्षेत्रगत नीति:

## भौतिक पूर्वाधार विकास

- **रणनीतिक चक्रपथ विकास कार्यक्रम:** गाउँपालिकाभित्रका संघीय, प्रदेश र वडागत रणनीतिक सडक खण्डहरूलाई आपसमा जोडी समष्टिगत यातायात सञ्जाललाई **एकीकृत चक्रपथ**का रूपमा स्तरोन्नति र कालोपत्रे गर्न बहुवर्षीय तथा क्रमागत योजना अन्तर्गत स्रोत परिचालन गर्ने नीति लिइनेछ। यस अन्तर्गत नयाँ ट्र्याक खोल्नुभन्दा पुराना, अधुरा र निर्माणाधीन सडकहरूको स्तरोन्नतिलाई प्राथमिकता दिई चालु योजनाहरू अलपत्र पर्न दिइने छैन।

- **सुरक्षित र दिगो आवतजावत पूर्वाधार:** चक्रपथ र अन्तर-बस्ती जोड्ने मार्गमा रहेका अस्थायी वा काठे पुलहरूलाई प्राथमिकताका आधारमा पक्की **आरसीसी र झोलुंगे पुल** द्वारा प्रतिस्थापन गरिनेछ; साथै भौगोलिक रूपमा जटिल बस्तीहरूमा पहुँच बढाउन पूर्व-सर्वेक्षणका आधारमा घोडेटो बाटोहरूको निर्माण तथा मर्मत कार्यलाई निरन्तरता दिइनेछ।

CamScanner

- **शैक्षिक पूर्वाधारः** गाउँपालिका भित्रका विद्यालयहरूको भौतिक संरचना सुधारलाई वस्तुनिष्ठ आवश्यकताका आधारमा निरन्तरता दिँदै नयाँ भवन, भान्छाघर र सुविधायुक्त शौचालय निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

- **खेलकुद पूर्वाधार तथा रंगशाला विकास:** गाउँपालिकाका प्रमुख खेलकुद केन्द्र र मैदानहरूको भौतिक संरचना सुधार गरिनेछ साथै **"एक वडा, एक खेल मैदान"** को नीतिगत अवधारणा अनुरूप भौगोलिक अनुकूलता हेरी प्रत्येक वडामा कम्तीमा एक व्यवस्थित खेल मैदान निर्माण र विस्तारको प्रक्रियालाई वित्तिय स्रोतहरूको व्यवस्थापन सहित क्रमशः अगाडि बढाइनेछ।

- **उज्यालो र सूचनाप्रविधि मैत्री मार्मा कार्यक्रम:** विद्युत प्राधिकरण र सञ्चार प्रदायकहरूसँगको समन्वयमा ६ वटै वडाका प्रत्येक घरधुरीमा राष्ट्रिय प्रसारण लाइनको विद्युत पुर्‍याई गाउँपालिकालाई पूर्ण उज्यालो बनाइनेछ, मुख्य बजारहरूमा आधुनिक सडक बत्ती, नयाँ टेलिफोन टावर विस्तारका लागि सम्वन्धित निकायहरूसंग समन्वय गरिनेछ।

- **संस्थागत भवन निर्माण तथा शहरी नियमन:** नयाँ निर्माण गर्नुपर्ने वडा कार्यालयहरू तथा कृषि र पशु सेवा शाखाहरूको आफ्नै भवन निर्माण कार्यलाई प्राथमिकता दिइनेछ साथै सुरक्षित संरचनाका लागि राष्ट्रिय भवन आचारसंहिता र सडकको मापदण्ड अनुसार निश्चित दूरी कायम गरेर मात्र **अनिवार्य नक्सा पास** गर्ने नीति कडाका साथ लागू गरिनेछ।

- **दिगो मर्मत सम्भार कोषको स्थापना:** गाउँपालिकाभित्र निर्माण सम्पन्न भएका सम्पूर्ण भौतिक पूर्वाधारहरूको विस्तृत लगत तयार गरिने छ साथै योजनाहरूको दिगो सुचारूपनाका लागि आकस्मिक मर्मत संभार कोष **"गाउँपालिका पूर्वाधार मर्मत सम्भार कोष"** खडा गरी सञ्चालन गरिनेछ। यस कोषका लागि आन्तरिक स्रोत, संघीय/प्रदेश अनुदान र साझेदार संस्थाहरूको सहयोग परिचालन गरिनेछ।

- गाउँपालिकाबाट सञ्चालित **अधुरा तथा क्रमागत आयोजना** र कार्यक्रमलाई उच्च प्राथमिकताका साथ समयमै सम्पन्न गरिनेछ। सम्पन्न भएका आयोजना तथा पूर्वाधारको आवश्यक फिनिसिङ, गुणस्तर अभिवृद्धि, संरक्षण र प्रभावकारी उपयोग सुनिश्चित गरिनेछ। साथै विकास निर्माण, सेवा प्रवाह तथा गाउँपालिकाका उपलब्धि, असल अभ्यास र नवप्रवर्तनहरूको प्रभावकारी प्रचार–प्रसार गरी नागरिकलाई सुसूचित बनाउने नीति अवलम्बन गरिनेछ।

## आर्थिक विकास

### कृषी तथा पशुपंक्षी

- **रैथाने बाली संरक्षण र विस्तार : "गर्व गरौं रैथाने बालीमा"** भन्ने नारासहित आलु, कोदो, राजमा, भटमास, मास जस्ता परम्परागत पोषणयुक्त बालीहरूको बीउ संरक्षण, उत्पादन वृद्धि र बजार प्रवर्द्धनलाई निरन्तरता दिइनेछ।
- **किसान सशक्तिकरण र सम्मान:** "किसान राष्ट्रका गहना हुन्" भन्ने भावनालाई आत्मसात् गर्दै वास्तविक किसानको पहिचान, न्यायोचित अनुदान वितरण तथा उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।
- **आधुनिक तथा स्मार्ट कृषि प्रवर्द्धन:** नमुना कृषि गाउँ कार्यक्रममार्फत कृषकलाई आधुनिक प्रविधिसँग जोड्ने, स्मार्ट कृषि वातावरण निर्माण गर्ने तथा सूचना–प्रविधि प्रयोगमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

- **विशेषीकृत उत्पादन र आयआर्जन कार्यक्रम:** तरकारी पकेट क्षेत्र पहिचान, जलवायु–मैत्री खेती प्रवर्द्धन, मौरीपालन, च्याउ खेती, दुग्ध उत्पादन, पशुपालन तथा मत्स्यपालन व्यवसायलाई सुदृढीकरण गर्दै आत्मनिर्भरता र आयआर्जन वृद्धि गरिनेछ।
- **दिगो कृषि प्रणाली र बजार सुनिश्चितता:** कृषि बिमा विस्तार, जैविक मल प्रयोग प्रवर्द्धन, विद्यालय दिवा खाजा कार्यक्रमसँग स्थानीय उत्पादनलाई जोड्ने, तथा कृत्रिम गर्भाधानमार्फत नश्ल सुधार गरी दिगो, सुरक्षित र आत्मनिर्भर कृषि प्रणाली विकास गरिनेछ।

**उद्योग तथा पर्यटन तर्फ:**

- **गुरुयोजनामा आधारित पर्यटन पूर्वाधार:** विगतमा विविध कारणले अलपत्र परेका वा अधुरा रहेका सम्पूर्ण धार्मिक तथा पर्यटकीय पूर्वाधार कार्यक्रमहरूलाई नयाँ कार्ययोजनाका साथ समयमै सम्पन्न गरिने लक्ष राखिएको छ साथै गाउँपालिकाका ऐतिहासिक, सांस्कृतिक एवं प्राकृतिक पर्यटकीय स्थलहरूको विकासका लागि **बृहत्तर गुरुयोजना** तयार गरी पूर्वाधार निर्माणका कार्यहरू चरणबद्ध रूपमा अगाडि बढाइनेछ।
- पालिका भित्र संचालित साना तथा मझौला उद्योगहरूको नियमित अनुगमन, प्राविधिक सहयोग र बजारीकरण गरिनुका साथै स्थानीय श्रोत साधन, कच्चा पदार्थ र सीपमा आधारित घरेलु उद्योगहरूलाई प्रोत्साहन गर्दै निजी क्षेत्रसँगको लागत साझेदारीमा प्रशासकीय क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।
- **मार्मा च्युरी प्रशोधन केन्द्र** मार्फत उत्पादित साबुनको गुणस्तर अभिवृद्धि, उचित मूल्य निर्धारण र स्थानीय खपत प्रवर्धन गर्दै औद्योगिक पूर्वाधार निर्माण कार्यलाई थप सुदृढ रूपमा अगाडि बढाइनेछ ।

**भूमी व्यवस्थाः**

- भू-उपयोग व्यवस्थापन योजना निर्माण तथा जलाधार व्यवस्थापनका लागि साझेदार संस्थाहरूसँग आवश्यक सहकार्य गरिनुका साथै पाखो तथा सार्वजनिक जग्गाहरूमा जडीबुटी खेती र वृक्षारोपण अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

**श्रम, रोजगारः**

- **स्वरोजगार र रोजगार प्रवर्द्धन :** अध्यक्ष स्वरोजगार कार्यक्रम र राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिई आवश्यक निर्माण सामग्रीको व्यवस्था गर्दै थप प्रभावकारी बनाइनेछ।
- **सीप, उद्यम र आत्मनिर्भरता :** रोजगार सेवा केन्द्र तथा उद्यम विकास कार्यक्रमलाई एकीकृत गरी बेरोजगार युवा, महिला, दलित, विपन्न तथा वैदेशिक रोजगारीबाट फर्किएका नागरिकलाई लक्षित गर्दै "सीप सिकौं, उद्यम गरौं, आत्मनिर्भर बनौं" अभियानलाई निरन्तरता दिईनेछ।
- **वैदेशिक रोजगारी र सामाजिक सुरक्षा:** वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन जनचेतनामूलक कार्यक्रम, श्रम स्वीकृति सहजीकरण, अलपत्र परेका व्यक्तिहरुको उद्धार, मनोपरामर्श सेवा, तथा फर्किएका युवालाई सीपसहित समाजमा पुनःस्थापित गर्न सहकार्यात्मक कार्यक्रमहरूलाई निरन्तरता दिईनेछ।

**सिचाइः**

- कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि ६ वटै वडाका सम्भाव्य एवं उत्पादनशील कृषि योग्य जमिनमा बाहै महिना सिचाइ सुविधा पुऱ्याउन **सिचाइ कुलोहरूको मर्मत, पुनरुत्थान र विस्तार योजनाहरू** क्रमागत रूपमा सञ्चालन गरिनेछ।

- गाउँपालिका क्षेत्रमा कृषिजन्य उत्पादन हुने पकेटहरूमा सिचाइ सुविधा विस्तारका लागि विभिन्न साझेदार संस्थाहरूसँगको सहकार्यमा सिचाइ तथा बहुउपयोगी आयोजना निर्माण गरिनेछ।

- माटोको प्रकृति, भू–धरातल र स्थानीय अवस्थाका आधारमा पाइप, पोखरी, थोपा तथा लिफ्ट सिचाइ जस्ता उपयुक्त प्रविधिहरू अवलम्बन गरी सिचाइ प्रणाली विस्तार गरिने नीति लिइएको छ। साथै सिचाइ सुविधा प्राप्त क्षेत्रहरूमा कृषकको आयआर्जन वृद्धि गर्न जलवायु–मैत्री कृषि प्रणाली तथा कृषि वन विकास कार्यक्रम सञ्चालन गरिनेछ।

## सामाजिक विकास (शिक्षा स्वास्थ्य खानेपानी तथा समाबेशीकरण)

### स्वास्थ्य तर्फः

- १० शैय्याको आधारभूत अस्पताल मार्माको भौतिक पूर्वाधार सम्पन्न भइसकेको सन्दर्भमा आवश्यक स्वास्थ्य उपकरण, औषधि, जनशक्ति तथा अन्य स्रोत–साधनको व्यवस्थापन गरिनेछ। स्वीकृत दरबन्दीअनुसार स्वास्थ्यकर्मीको पदपूर्ति गरी अस्पताललाई प्रभावकारी, गुणस्तरीय र नियमित सेवासहित पूर्ण क्षमतामा सञ्चालन गरिने नीति लिइएको छ।सितोला स्वास्थ्य चौकी निर्माण सम्पन्न भइसकेको र सामुदायिक स्वास्थ्य इकाई रिल निर्माणाधीन अवस्थामा रहेको सन्दर्भमा बाँकी निर्माण कार्य शीघ्र सम्पन्न गरिनेछ।
- पुराना तथा जीर्ण अवस्थामा रहेका स्वास्थ्य संस्थाहरूका भवनहरूको आवश्यक मर्मत-सम्भार तथा जीर्णोद्धार गरी सेवा प्रवाहलाई थप सुरक्षित र सुदृढ बनाइनेछ।
- **नसर्ने रोग परीक्षण र उपचार निरन्तरता :** सबै वडास्तरका स्वास्थ्य चौकी तथा केन्द्रमा रक्तचाप, मधुमेह, डिप्रेसन जस्ता रोगहरूको नियमित परीक्षण, उपचारमा रहेका बिरामीको फलोअप परामर्श, नयाँ बिरामीलाई उपचारमा आबद्ध गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै आयुर्वेद सेवा पनि संलग्न गरिनेछ।
- **मातृ–शिशु स्वास्थ्य प्रवर्द्धनः** 'उपाध्यक्ष कोसेली कार्यक्रम ' मार्फत गर्भवती तथा सुत्केरी आमाको पोषण सुधार, ग्रामीण अल्ट्रासाउण्ड सेवा विस्तार, गर्भवती तथा बालबालिकाको पोषण लेखाजोखा सुनिश्चित गरिनेछ।
- **सामुदायिक स्वास्थ्य सुदृढीकरणः** महिला स्वास्थ्य स्वयंसेविकालाई मासिक प्रोत्साहन, यातायात तथा पोशाक खर्च निरन्तरता दिइनेछ र सम्मान कार्यक्रम सञ्चालन गरिनेछ। स्वास्थ्य संस्थाबाट टाढा रहेका समुदायमा अतिरिक्त स्वास्थ्य इकाई केन्द्र स्थापना गरिनेछ।
- **प्रविधि, बिमा र जनस्वास्थ्य अभियानः** स्वास्थ्य संस्थामा eHMIS प्रणाली लागू गरी अभिलेख व्यवस्थापन सुदृढ गरिनेछ, स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी रूपमा विस्तार गरिनेछ, योग तथा ध्यान कार्यक्रमलाई नियमित बनाइनेछ, साथै विभिन्न संघ–संस्थासँग सहकार्यमा विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

### शिक्षा युवा तथा खेलकुद तर्फः

- शिक्षालाई समता, गुणस्तर, समावेशिता तथा समृद्धिको आधारका रूपमा स्थापित गर्दै संविधान तथा प्रचलित कानुनबमोजिम माध्यमिक तहसम्मको निःशुल्क तथा आधारभूत शिक्षाको अनिवार्य कार्यान्वयन सुनिश्चित गरिनेछ। सामुदायिक विद्यालयमा पाठ्यपुस्तक, दिवा खाजा, छात्रवृत्ति तथा आवश्यक शैक्षिक सामग्रीको समयमै उपलब्धता सुनिश्चित गरिनेछ। शिक्षालाई जीवनोपयोगी, सीपमूलक तथा रोजगारमुखी बनाउन स्थानीय आवश्यकता, सम्भावना र श्रम बजारसँग आबद्ध कार्यक्रम सञ्चालन गरिनेछ।

CamScanner

- सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धिका लागि विद्यालयको भौतिक, शैक्षिक, व्यवस्थापकीय तथा वातावरणीय सुधार, विद्यालय नक्साङ्कन, विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा विषयगत शिक्षक व्यवस्थापनलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। कक्षा १ देखि १२ सम्मका सामुदायिक विद्यालय तथा लटिनाथ क्याम्पसलाई उपलब्ध गराउँदै आएको शैक्षिक अनुदान आवश्यकता, कार्यसम्पादन र मापदण्डका आधारमा निरन्तरता दिइनेछ।
- शिक्षण–सिकाइ प्रक्रियालाई प्रविधिमैत्री बनाउँदै ई–लर्निङ, डिजिटल शिक्षण सामग्री, भर्चुअल कक्षा, इन्टरनेट पहुँच, डिजिटल उपकरण, पुस्तकालय तथा प्रयोगशालाको सुदृढीकरण गरिनेछ।
- विपन्न, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका, सीमान्तकृत तथा दुर्गम बस्तीका बालबालिकाको गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गर्दै विद्यालय स्वास्थ्य, पोषण, छात्रवृत्ति, सुरक्षित सिकाइ वातावरण, नियमित स्वास्थ्य परीक्षण, खानेपानी, सरसफाइ, वृक्षारोपण तथा स्थानीय उत्पादनमा आधारित व्यवस्थित दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।
- बालबालिकाको प्रतिभा पहिचान तथा विकासका कार्यक्रम सञ्चालन गर्दै वडा तथा पालिका स्तरीय प्रतियोगिताहरू आयोजना गरिनेछ। प्रारम्भिक बालविकास शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै प्रत्येक वडामा एक–एक नमुना बालविकास केन्द्र स्थापना गरिनेछ तथा आवश्यक पूर्वाधार, शैक्षिक सामग्री र बजेटको व्यवस्था गरिनेछ।
- शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक क्षमता विकास तालिम, शैक्षिक सामग्री सहयोग, प्राविधिक सहजीकरण, पढाइ मेला, विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ, प्रधानाध्यापकसँग नियमित अन्तरक्रिया, घरभेट कार्यक्रम, टोल शिक्षा कार्यक्रम तथा गैरसरकारी संस्थासँगको समन्वय र साझेदारीमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- चिकित्सा शास्त्रमा उच्च शिक्षा अध्ययनका लागि प्रदान गरिँदै आएको एम.बि.बि.एस. छात्रवृत्तिलाई विस्तार गरी अध्ययनरत विद्यार्थीलाई समेत उपलब्ध गराइनेछ। विद्यालय उमेर समूहका सबै बालबालिकाको विद्यालयमा पहुँच, नियमित उपस्थिति तथा विद्यालयमा टिकाइ अभिवृद्धिका लागि प्रभावकारी भर्ना अभियान सञ्चालन गरिनेछ।
- खेलकुद क्षेत्रको विकासलाई प्राथमिकता दिँदै विभिन्न विधाका खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। आधारभूत खेल पूर्वाधार तथा खेल मैदानको स्तरोन्नति गर्दै उदाउँदा तथा प्रतिभाशाली खेलाडीलाई प्रोत्साहन, सम्मान तथा आवश्यक सहयोग उपलब्ध गराइनेछ। साथै गाउँपालिका भित्रका अनाथ, असहाय तथा जोखिममा रहेका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न अध्यक्ष संरक्षण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- विद्यालय दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित, गुणस्तरीय तथा पोषणमैत्री बनाउँदै स्थानीय उत्पादनमा आधारित मेनु कार्यान्वयन गरिनेछ। स्थानीय किसान, भान्सा तथा भान्से परिचालनलाई प्रोत्साहन गर्दै विद्यार्थीलाई स्वस्थ, सुरक्षित र पोषणयुक्त दिवा खाजा उपलब्ध गराइनेछ तथा नियमित विद्यार्थी स्वास्थ्य परीक्षणको व्यवस्था गरिनेछ।

**खानेपानी तथा सरसफाइ तर्फः**

- जलवायु परिवर्तनका कारण पानीका मुहान सुक्दै गएको तथा खानेपानी र जलस्रोत व्यवस्थापनमा देखिएका समस्यालाई समाधान गर्न सरोकारवाला निकायहरूसँगको साझेदारीमा मुहान संरक्षण, पुनर्भरण पोखरी तथा अन्य संरचनाहरू निर्माण कार्यलाई निरन्तरता दिईनेछ । साथै गाउँपालिकाको वास (WASH) योजना चालु आ.ब.मा सम्पन्न गर्ने साथै एकीकृत जलस्रोत व्यवस्थापन तथा स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्ने लक्ष राखिएको छ। साथै उपरोक्त रणनैतिक योजनाहरूको निरन्तर प्रभावकारी कार्यान्वयन गरिने नीति लिइएको छ।

- 'एक घर–एक धारा' नीतिलाई निरन्तरता दिँदै जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनासँगको साझेदारीमा थप खानेपानी तथा बहुउपयोगी योजनाहरू निर्माण गरिनेछ। समस्याग्रस्त खानेपानी योजनाहरूको पुनः व्यवस्थापन तथा सञ्चालन गरिनुका साथै सुख्खाग्रस्त क्षेत्रहरूमा वैकल्पिक प्रविधिमार्फत सुरक्षित खानेपानी आपूर्तिको व्यवस्था गरिने नीति लिइएको छ।

- सम्पन्न भएका खानेपानी तथा सरसफाइ योजनाहरूको दिगो सञ्चालनका लागि नियमित मर्मत–सम्भार, उपभोक्ता समितिहरूको क्षमता विकास, प्रभावकारी अनुगमन संयन्त्रको निर्माण तथा परिचालन गरिनुका साथै फोहरमैला तथा ढल व्यवस्थापनका लागि ल्याण्डफिल साइट निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ**

- **विकासमा महिला सम्वृद्धीमा पहिला** भन्ने मुल ध्येयका साथ गाउँपालिकामा संचालन गरिने क्षमता विकास तथा चेतनामूलक कार्यक्रमहरुमा महिलाहरुलाई प्राथमिकताका साथ संलग्न गराईने छ।
- लैङ्गीक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षण गरि उपरोक्त कार्यक्रमहरु प्रभावकारी कार्यान्वयन गरिने छ।
- **उपाध्यक्षसँग एकल महिला कार्यक्रम**लाई निरन्तरता दिँदै एकल महिलाको आर्थिक, सामाजिक तथा मनोसामाजिक सशक्तीकरणका लागि सीप विकास, स्वरोजगार, आयआर्जन, क्षमता अभिवृद्धि, कानुनी सचेतना तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- महिला विकास समुह तथा संजाललाई थप सक्रिय बनाउदै महिला माथि हुने सम्पूर्ण हिंसा तथा शोसण जन्य क्रियाकलापको अन्त्य गरि महिला सशक्तिकरण गरिनेछ सो का लागि गाउँपालिकामा संचालित कार्यक्रमहरु तथा सरोकारवालाहरुसंग प्रभावकारि समन्वय गर्ने नीति लिईएको छ।
- **बालबिवाह मुक्त स्थानीय तह घोषणा**का लागि सरोकारवालाहरुसंग समन्वय गरि अभियानात्मक क्रियाकलापहरु संचालन गर्ने नीति लिईएको छ।
- बाल बिबाह, सामाजिक कूरिति, जातिगत छुवाछुत, छौंपडि प्रथा, दाइजो, बहुबिवाह र अन्य सबै प्रकारका हिंसा न्युनिकरण गर्ने जनचेतनामूलक कार्यक्रमहरु प्रभावकारी संचालनमा ल्याईनेछ।
- अपाङ्गता भएका व्यक्तीहरुको हक अधिकार र सुरक्षाको प्रत्याभूति गर्न लक्षीत वर्गमा विभिन्न कार्यक्रम संचालन गरिने छ ।
- **उपाध्यक्ष संरक्षण कार्यक्रम** अन्तरगत घरेलु हिंसामा परेका महिलालाई खोज उद्धारका लागि कोष स्थापना गरि उचित व्यवस्थापनका लागि पहल गरिनेछ।
- **ज्येष्ठ नागरिक सम्मान कार्यक्रम**लाई निरन्तरता दिँदै उहाँहरूको ज्ञान, सीप, अनुभव तथा जीवनभोगाइलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न अन्तरपुस्ता संवाद, अनुभव आदान–प्रदान तथा सामुदायिक विकासका गतिविधिहरूमा ज्येष्ठ नागरिकको सक्रिय सहभागिता सुनिश्चित गरिने नीति लिइएको छ।
- **उद्यमसिलता सीप विकास तथा व्यवसायिकता प्रवर्द्धन कार्यक्रम**हरु निरन्तर प्रभावकारीका साथ कार्यान्वयन गरिनेछन्।
- दलित समुदाय सशक्तिकरण गर्न तथा सो समुदायका वालवालिकाहरुलाई प्राविधीक शिक्षामा पँहुच पुर्याउन विभिन्न संघ-संस्था संग समन्वय गरि कार्यक्रमहरु संचालन गरिनेछ।
- मार्मा गाउँपालिका अन्तर्गत रहेका भुमिहिन दलित, भुमिहिन सुकुमवासी तथा अव्यवस्थित बसोबासको समस्या समाधान गर्न निजहरुको तथ्यांक संकलन कार्य सम्पन्न गरि निस्सा वितरणको तयारी साथै जग्गाधनी प्रमाण पुर्जा प्राप्तिका लागि आवश्यक समन्वय/पहल गरिने छ ।

**वन वातावरण तथा विपद व्यवस्थापन**

- सामुदायिक, कबुलियती वन तथा निजि जग्गामा आम्दानी हुने खालका जडीबुटीजन्य, बास्नादार तथा अन्य फलफुलका बिरुवाहरु वृक्षारोपण, तथा पूर्वाधार निर्माण गरि स्थानीय जनताको आम्दानी वृद्धी सहित रोजगारी सृजना गरिने नीतिलाई निरन्तरता दिईएको छ।
- गाउँपालिकाको पहिरो जोखिम क्षेत्रहरुमा बायोईन्जिनियरिङ्ग प्रविधी र बृक्षारोपण सहित जोखिम न्यूनिकरण कार्यक्रमहरु संचालनलाई निरन्तरता दिईनेछ।
- गाउँपालिका भित्रका सडकहरुको छेउछाउमा माटो अड्याउने, आयआर्जन तथा बहुउद्देशीय बिरुवा बृक्षारोपण गर्न विभिन्न संघ-संस्था/निकायहरुको साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- वनमा हुने आगोलागी र वन जंगल तथा भीर पाखामा लाग्ने डढेलोबाट हुने जनधनको क्षति तथा वातावरणीय प्रदुषण रोक्न विभिन्न सूचना शिक्षा तथा संचार सामग्री विकास गर्नुका साथै सम्बन्धित सरोकारवालाहरुको समन्वयमा वन डढेलो नियन्त्रणका कार्यक्रमहरू संचालन गरिनेछन्।
- अपिनाम्पा संरक्षण क्षेत्र साथै सामुदायिक वन उपभोक्ता समितिहरूसंग सहकार्य गरि स्थानिय विकास निर्माणका कार्यमा वनजन्य काष्ठ र गैर काष्ठ उपयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- पालिकाका विभिन्न क्षेत्रमा बृक्षारोपणका लागि आवश्यक बिरुवा उत्पादनका लागि **बहुउद्देशीय नर्सरी** स्थापना गरिनेछ।
- जैविक विविधता संरक्षण तथा पारस्थितिय प्रणाली सुधारका निमित्त सामुदायिक तथा अन्य वन क्षेत्रहरुमा संरक्षणका क्रियाकलापहरु संचालन गरिनेछन्।
- **"हरेक नागरिको विपदमाः मार्मा सरकार छ साथमा"** भन्ने मुल नाराका साथ मार्मा गाउँपालिकाका नागरिकहरुलाई सम्भावित विपदको जोखिमबाट मुक्त गर्न गराउन विपद व्यवस्थापन योजना निर्माण गरि विपद पूर्वको तयारी, प्रतिकार्य लगायत विपद पश्चातको व्यवस्थापन कार्यका लागि आवश्यक व्यवस्था मिलाउनुको साथै विभिन्न क्षमता विकास कार्यक्रमहरु संचालन गरिनेछन्।
- विपदका समय उद्दार लगायतका कार्यमा आवश्यक पर्ने सहयोग सामग्री खरिद गरिने छ।
- मार्मा गाउँपालिकाको विपद पूर्व तयारि तथा प्रतिकार्यको लागि संचालित आकस्मिक कार्य संचालन तथा पूर्व सूचना प्रणाली स्थापनाका लागि सम्वन्धित निकाय तथा संघ-संस्थाहरुसंग आवश्यक समन्वय तथा साझेदारी गरिनेछ।
- पहियो नियन्त्रण, विपद व्यवस्थापन एवं जलवायु परिवर्तनको असरलाई न्युनीकरण गर्ने कार्यलाई कार्यान्वियनलाई निरन्तरता दिईनेछ।

## सुशासन तथा संस्थागत विकास

- **"मार्मा गाउँपालिकाको सुशासनका आधारः उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता र सदाचार"** भन्ने नारालाई आत्मसात् गर्दै गाउँपालिकाको शासन तथा प्रशासनलाई जनतामैत्री, उत्तरदायी, पारदर्शी, प्रभावकारी तथा भ्रष्टाचारमुक्त बनाउने नीति अवलम्बन गरिनेछ।
- गाउँपालिकाको कर्मचारी प्रशासनलाई चुस्त, व्यवस्थित तथा नतिजामुखी बनाउन **संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M)** अध्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ। कर्मचारीहरूको मनोबल उच्च राख्दै सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी तथा आर्थिक अनुशासनयुक्त बनाइनेछ। साथै कर्मचारीहरूलाई अनिवार्य रूपमा सामाजिक सुरक्षा कोष तथा कर्मचारी कल्याण कोषमा आबद्ध गरिनेछ।

CS CamScanner

- **आर्थिक अनुशासन, पारदर्शिता र सुशासनलाई प्राथमिकता** दिँदै गाउँपालिका अन्तर्गत सञ्चालन हुने सम्पूर्ण कार्यक्रम तथा क्रियाकलापहरूको नियमित सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा लेखापरीक्षण प्रणालीलाई सुदृढ गरिनेछ। शून्य बेरुजु कायम गर्ने लक्ष्यका साथ भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।
- **सामाजिक सुरक्षा भत्ता**लाई थप व्यवस्थित, सुरक्षित र पारदर्शी बनाउन सबै लाभग्राहीको राष्ट्रिय परिचयपत्र **VERSP-MIS** प्रणालीमा अनिवार्य प्रविष्ट गरी बायोमेट्रिक भेरिफिकेसनको व्यवस्था गरिनेछ। साथै वडा कार्यालयबाट अनलाइन माध्यमबाट सञ्चालन हुँदै आएका व्यक्तिगत घटना दर्ता तथा नागरिकता सिफारिस सेवालाई थप व्यवस्थित गरी पालिकासम्म धाउनुपर्ने अवस्थाको अन्त्य गरिनेछ।
- आन्तरिक राजस्व वृद्धि गर्न **राजस्व सुधार कार्ययोजनालाई** समयानुकूल परिमार्जन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- न्यायिक समितिबाट हुने न्याय सम्पादनलाई छिटो, छरितो, पारदर्शी र विश्वसनीय बनाउँदै न्यायमा नागरिकको पहुँच अभिवृद्धि गरिनेछ। समितिको क्षमता विकास, अध्ययन–अनुसन्धान, असल अभ्यासको आदानप्रदान तथा मेलमिलापकर्ताको क्षमता अभिवृद्धिमार्फत मेलमिलाप सेवाको थप प्रभावकारी गरिनेछ।
- **इलाका प्रहरी कार्यालय** परिसरभित्र कार्यरत महिला प्रहरी कर्मचारीहरूका लागि महिला प्रहरी आवास निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।
- विकास निर्माण तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन छिमेकी स्थानीय तहसँग नियमित अन्तरक्रिया, समन्वय बैठक तथा सहकार्यका कार्यक्रम सञ्चालन गरिनेछ। साथै नागरिकलाई एकीकृत, सहज र छिटो सेवा प्रवाह सुनिश्चित गर्न एकीकृत घुम्ती शिविर सञ्चालन गरी विभिन्न सेवाहरू एकद्वार प्रणालीमार्फत उपलब्ध गराइनेछ।
- पूर्वाधार विकासका क्रममा वातावरणीय सन्तुलन कायम गर्न तथा सम्भावित नकारात्मक प्रभाव न्यूनीकरणका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) सम्बन्धी अध्ययनलाई निरन्तर रूपमा कार्यान्वयन गरिनेछ।

**उपस्थित महानुभावहरु,**

गाउँपालिकाको बजेट विनियोजनमा योजना तर्जुमा तथा कार्यक्रमहरु छनौट गर्दा योजना प्राथमिकीकरणका लागि त्रिबर्षीय मध्यकालीन खर्च संरचनाको खाका सहितको बजेट तर्जुमा मार्गदर्शन लगायत तपशिलका आधार तथा मापदण्डहरु समेत निर्धारण गरि योजना प्राथमिकिकरण गरिने समेत जानकारी गराउन चाहन्छु।

## योजना प्राथमिकीकरणका आधार तथा मापदण्डहरु

- स्थानीय सरकार संचालन ऐन २०७४
- आर्थिक बिकास र गरिबी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुर्याउने,
- उत्पादनमुलक र छिटो प्रतिफल दिने,
- राजस्व परिचालनमा योगदान दिने,
- स्थानीय श्रोत साधनमा र सिपमा आधारित जनसहभागिता अभितृद्धि गर्ने,
- लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण अभितृद्धि गर्ने,
- स्थानीय सस्कृति र पहिचान प्रवर्धन गर्ने,
- जलवायु परिवर्तन अनुकूलन क्रियाकलाप प्रवर्धन
- दिगो विकास ,वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने,
- सेवा प्रवाह ,सस्थागत बिकास र शुशासनमा योगदान पुर्याउने,

CamScanner

- जनयुद्ध तथा जन -आन्दोलनबाट प्रभावित क्षेत्र तथा समुदा[illegible] पुर्याउने,

अन्तमा मार्मा गाउँपालिकाको यस सत्रौ गाउँसभामा "स्वरोजग[illegible] ,समृद्ध मार्मा निर्माणको अभियान ले यस गाउँपालिकाको दिर्घकालिन सोचलाई टेवा पुग्नेमा विश्वस्त छु,।

**उपस्थित सदस्य ज्यूहरु,**
परिवर्तित राज्य व्यवस्था अन्तर्गत नेपालको संबिधानले सिर्जित अधिकारहरु र तिनको कुशल कार्यान्वयनको अभ्यास मार्फत समृद्ध गाउँपालिकाको निर्माणका लागि हामीमाझ अवसर र चुनौती हरु उत्तिकै रहेका छन् । यिनै चुनौतीहरुको सामना गरि आगाडी बढ्न मार्मा वासि आम जनसमुदायहरु, गाउँपालिकाका क्रियाशील राजनीतिक दलहरु लगायत सरोकारवालाबाट निरन्तर सहयोग, विस्वास र प्रतिबद्धता समेत सकारात्मक सहयोगको अपेक्षा गर्दछु। साथै स्थानीय सरकार संचालन, निर्माण, आर्थिक सामाजिक, भौतिक तथा मानबिय बिकासका बिबिध पक्षहरुमा योगदान पुर्याउन सहयोग गर्नुहुनेछ भन्ने आशा राख्दै यहा उपस्थित जनप्रतिनिधिहरु,गैर सरकारी क्षेत्र ,संचार जगत ,राष्ट्सेवक कर्मचारीहरु ,यस गाउँपालिका बासि जनसमुदायहरु लगायत सम्पूर्ण शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु।

## धन्यवाद !!!

CamScanner